**मालिका** गाउँपालिका

## गाऊँ कार्यपालिकाको कार्यालय

दरबाङ, म्याग्दी

## गण्डकी प्रदेश, नेपल

**नदिजन्य पदार्थ उत्खनन गरी बिक्री वितरण तथा आन्तरिक निकासी गर्ने कार्यको बोलपत्र आव्हान सम्बन्धी सूचना**
**(प्रथम पटक प्रकाशित मिति २०७५/०७/११ गते)**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११घ को व्यवस्था तथा गण्डकी प्रदेश सरकारको आर्थिक ऐन २०७५ को दफा (८) र सोको अनुसुचि ६ को प्रावधान भित्र रहि **गाऊँ** कार्यपालीकाको मिति २०७५।०६।०७ को निर्णय बमोजिम गाऊँपालीका क्षेत्रभित्रको म्याग्दी खोलाको तोकिएको बगर क्षेत्रका स्वीकृत घाटहरुबाट सविक जिल्ला समन्वय समितिको कार्यालयले म्याग्दी खोलावाट नदिजन्य प्रदार्थ संकलन तथा उत्खननको प्रारम्भीक वातावरणिय परिक्षण प्रतिवेदन (IEE)ले औंल्याएको परिणाम भित्र रही नदिजन्य पदार्थ उत्खनन, घाट गद्दी पश्चात **गाऊँ**पालीकाले तोकेको दरमा ठेक्का बन्दोवस्तको माध्यमवाट विक्री गर्नुपर्ने भएकोले ईच्छुक फर्म, कम्पनी वा व्यक्तिहरुले तोकिएको अंकमा नघट्ने गरी तपशिल वमोजिमको शर्तहरुको अधीनमा रही बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

<u>तपसिल</u>

| सि.नं. | सूचना नं./ ठेक्का नं. | ठेक्काको नाम | उत्खनन गर्ने बगर र परिमाण (घन फीट) | | न्यूनतम ठेक्का रकम (सेवाशुल्क र मू.अ. कर वाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|---|
| **१** | २०७५।७६ **मालिका गाउँपालिका क्षेत्रभित्र** | ढुङ्गा, गिट्टी, रोडा र वालुवा उत्खनन, सङ्कलन तथा विक्री वितरण | तोलावाङ बगर मालिका गा.पा.६ | ४९६५२.८९ | ८५२०७० | कवोल अङ्कको ५% | १००० |
| | | | निस्कोट सिरडी बगर मालिका गा.पा.**१** | ४३८२५.९२ | | | |
| | | | दरवाङ छ्यारछ्यारे बगर मालिका ६ | ४३४७२.७७ | | | |
| | | | रानीबास पुछार बगर मालिका गा.पा.५ | ३७७५१.७४ | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | **जम्मा परिमाण** | | | १७४७०३.३१ | | | |

शर्तहरु

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०७४/७५ को करचुक्ता प्रमाणपत्र (प्राप्त नभएको भए आ.व.०७३/७४ को) को प्रमाणित प्रतिलिपी र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, वोलपत्र फाराम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको नगदि रसिद साथ निवेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले **३०** औं दिनको कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ । **सो** दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ

२. वोलपत्र भर्दा कवोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कवोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको धरौटी खाता नं.०९४००२०११०००८४००००५ जम्मा गरी सोको सक्कल बैंक भौचर शिलवन्दी वोलपत्र साथ पेश गर्नु पर्नेछ ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले **३१** औं दिन दिनको १२.०० बजे भित्र यस कार्यालयमा दर्ता गर्न सकिने छ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।

५. रीतपूर्वक पर्न आएका वोलपत्रहरु वोलपत्र पेश गर्ने अन्तिम दिनको २ वजे **वोलपत्र दाता वा निजको प्रतिनिधी को रोहवरमा** यस कार्यालयमा खोलिनेछ । साथै **वोलपत्र दाता वा** निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन विदा परेमा उल्लेखित कार्यहरु विदा पछि कार्यालय खुलेको दिनमा हुनेछ ।

६. नदिजन्य पदार्थहरु नदीलाई नै घाटगद्दी स्थल तोकि निर्धारित स्थानवाट मात्र उत्खनन तथा विक्री वितरण गर्नुपर्नेछ ।

७. ठेक्का सम्बन्धी विस्तृत जानकारी वोलपत्र फाराममा उल्लेख गरिएको हुंदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

८. म्याद नाघी, रीत नपुगी र/वा शर्तसहित पेश हुन आएका वोलपत्रहरु स्वीकार गर्न यस कार्यालय वाध्य हुनेछैन । वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९. बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको मितिले ७ दिनभित्र मु.अ. कर दर्ता प्रमाणपत्र समेत लिई ठेक्का अंकको प्रथम किस्तावापत ५० प्रतिशत ले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो किस्तावापत ५० प्रतिशत ले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा २०७६ साल श्रावणमसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ साथै अग्रिमरुपमा एकमुष्ट कवोल अंक दाखिला गरेमा कवोल अंकको १० प्रतिशतसम्म रकम छुट दिन सकिनेछ । ठेक्का कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कवोल गरेको अंक, सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनु पर्ने छ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर ठेकेदारले छुट्टै बुझाउनु पर्नेछ ।

१०. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्का वन्दोवस्त गरिनेछ

११. **गाउँपालिकाको** नदि तथा नदीहरुको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा नदिजन्य निर्माण सामाग्रीहरुको उपयोग सम्बन्धमा भएका अध्ययन प्रतिवेदन एवं नेपाल सरकारबाट भएका निर्देशनहरु, म्याग्दी जिल्लाको ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, सङ्कलन तथा घाटगद्दी सम्बन्धी जिल्ला समन्वय समितिको कार्यालय म्याग्दीबाट गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अंग रहनेछन् ।

१२. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा नेपाल सरकारका अन्य प्रचलित कानुन अनुसार हुनेछ ।

(नोट : विस्तृत जानकारीको लागि यस कार्यालयको website:www.malikamunmyagdi.gov.np मा समेत हेर्न सकिनेछ ।

.....................................
नि. प्रमुख प्रशासकिय अधिकृत